मिति- २०७६/०८/१९
बैठक संख्या -७

आज मिति २०७६ साल मंसिर १९ गते विहीबारका दिन यस आमचोक गाँउकार्यपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्न निर्णय गरी बैठक सञ्चालन गरियो ।

## उपस्थिति

| पद | नाम | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | श्री अशोक राई | |
| उपाध्यक्ष | श्री सीता राई | |
| सदस्य | श्री डम्बर बहादुर कार्की | |
| सदस्य | श्री भिम प्रसाद राई | |
| सदस्य | श्री गणेश बहादु खत्री | |
| सदस्य | श्री नेत्र बहादुर खत्री | |
| सदस्य | श्री राम प्रसाद राई | |
| सदस्य | श्री बम बहादुर बस्नेत | |
| सदस्य | श्री राज कुमार राई | |
| सदस्य | श्री उदिमान श्रेष्ठ | |
| सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| सदस्य | श्री बालदिप राई | |
| सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| सदस्य | श्री पवित्रा राई | |
| सदस्य | श्री शुकमाया राई | |
| सदस्य | श्री अमर बहादुर वि.क | |
| सदस्य | श्री लक्ष्मण राय | |
| सदस्य-सचिव | श्री याम बहादुर उपरकोटी | |
| अधिकृत छैठौं | श्री वावुराम के.सी | |

७६।८।२०
२०७६।८।२०

प्रस्तावहरुः

१। वाँयो ग्यास प्लान्ट तथा सुधारिएको चुलोका लागि प्रदेश सरकार सँग वजेट माग गर्ने सम्वन्धमा ।

२। सर्शर्त अनुदानको उर्जा शिर्षकको रकम व्रेक डाउन गर्ने सम्वन्धमा ।

३। वाँयो ग्यास वितरणका लागि लाभाम्वित परिवारको नाम छनौट गर्ने सम्वन्धमा ।

४। विभिन्न कर दाखिला गर्ने सम्वन्धमा ।

५। वाढी पिडित अनुगमन सम्वन्धमा ।

६। वहाल विटौरी कर सम्वन्धमा ।

७। विविध सम्वन्धमा ।

**निर्णयहरुः**

१। **प्रस्ताव नं १** माथि छलफल भै वाँयो ग्यास प्लान्ट तथा सुधारिएको चुलो कार्यक्रम निर्माणका लागि प्रदेश सरकारसँग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

२। **प्रस्ताव नं** २ माथि छलफल भै संघिय सरकारवाट सशर्त अनुदान वापत उर्वा शिर्षकमा चालु आ.व.का लागि प्राप्त रकम रु १७,८५,०००।- अक्षेरुपीः सत्र लाख पचासी हजार - लाई निम्न उप-शिर्षकमा वाँडफाड गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| सि.न | उपशिर्षक- | वजेट |
|---|---|---|
| १ | गाँउपालिका उर्जा ईकाइको स्थापना तथा सवलीकरण | ४,५०,०००।- |
| २ | ऊर्जाको उत्पादनमुलक व्यवसायलाई सहयोग | २,५०,०००।- |
| ३ | हाल संचालनमा रहेका लघु जलविधुत आयोजनाहरुको मर्मत संभारमा | ४,००,०००।- |
| ४ | अति गरिव एकल महिला तथा पछाडी पारिएका वर्ग-लाई सौर्य घरायसी प्रणाली जडानमा सहयोग | २,३५,०००।- |
| ५ | वाँयोग्यास निर्माणका लागि प्राविधिक तथा निर्माण सामाग्री सहयोग | ३,००,०००।- |
| ६ | रकेट चुलो प्रवर्धन | १५००००।- |
| | जंम्मा | १७८५०००।- |

३। प्रस्ताव नं ३ माथि छलफल भै वाँयो ग्यास प्लान्ट वितरणका लागि वडा नं ९ का लक्षित लाभग्राही परिवार संख्या-१०, पहिचान गरि सिफारिस गर्न वडा नं ९ का वडाध्यक्षज्यूलाई जिम्मेवारी दिइने सर्वसम्मत निर्णय गरियो ।

४। प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाँउपालिका गाँउकार्यपालिकाको कार्यालयले गत आ.व २०७५/०७६ मा चालु तथा पुँजिगत खर्च शिर्षकमा भएका भुक्तानीहरुवाट उठाइएको कर दाखिला गर्नुपर्ने भनि लेखिआएको लेखापरिक्षण तथा डोर मुकाम भोजपुरको मिति २०७६।०५।२३ को पत्रानुसार करका शिर्षकहरु ( आयकर, सामाजिक सुरक्षा कर,पुरस्कार कर, भत्ता कर, भाडा कर ) मा तिर्नुपर्ने कर वापतको चालु खर्च शिर्षकमा रु ९,२७,९८९।- तथा पुँजिगत खर्च शिर्षकवाट रु ५२,९९,२४२।- गरी कुल रकम रु ६२,२१,२३१।- अक्षरुपीः वैसठ्ठी लाख एक्काइस हजार दुई सय एकतिस मात्र- कर दाखिला गर्न तपशिलका पाँचौ गाँउसभा २०७५ ले स्वीकृत गरेका तपशिलका शिर्षकवाट हुनेगरी तपशिल वमोजिमका वजेटवाट तिर्नुपर्ने कर दाखिला गर्न वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

## तपशिल

| **सिं.न** | **योजना शिर्षक** | **गाँउसभावाट विनियोजित वजेट** | **कर दाखिलाका लागि निर्णय गरिएको वजेट/रकम** | **कैफियत** |
|---|---|---|---|---|
| | **पुँजिगत शिर्षक तर्फका कार्यक्रम** | | | |
| १ | आमचोक चिया तथा कफि खेति विकास कार्यक्रम | ७५०००००।- | १००००००।- | |
| २ | एखुवा खोला जलविध्दुत आयोजना | ३५,००,०००।- | १०,००,०००।- | |
| ३ | नमुना विद्यालय कार्यक्रम (चण्डेस्वरी मा वि वालांखा, | ३००००००।- | १२,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | शिक्षा क्षमाकन्या मा.वि, जनशिक्षा प्रा.वि दुम्नामा) | | | |
| ४ | धारे सामुदायिक कृषि फर्म आमचोक १० | १८००००० \|- | ३,००,००० \|- | |
| ५ | जनता आवास | १८,००,००० \|- | ३,००,००० \|- | |
| ६ | धिन्ताङ पर्यटन | ५,००,००० \|- | ५,००,००० \|- | |
| ७ | विपन्न जनतासँग सहकारी | २०,००,००० \|- | १०,००,००० \|- | |
| | जम्मा | | | |
| | **चालु खर्च शिर्षक तर्फका योजना** | | | |
| ८ | कर्मचारी तालिम | ५००००० \|- | ५,००,००० \|- | |
| ९ | मसलन्द तथा कार्यालय सामाग्री | ३०,००,००० \|- | ५,००,००० \|- | |
| | कुल वजेट | | | |

५। प्रस्ताव नं ५ माथि छलफल भै २०७६ को वर्षातका कारण वाढी तथा पहिरो पिडित घरपरिवारको क्षेतिको अनुगमन तथा मूल्याङ्कन गरी कार्यपालिका वैठकमा प्रतिवेदन पेश गर्न वातावरण तथा विपद व्यवस्थापन समितिलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

६। प्रस्ताव नं ६ माथि छलफल गरि आ.व. २०७६।०७७ लागि वालांखा हाटवजारमा लाग्ने वहाल विटौरी कर संकलन गर्ने सम्वन्धमा आवश्यक निर्णय सोझै गाँउकार्यापालिकाको कार्यालयवाट गर्ने गरी आख्तियारी दिने निर्णय गरियो ।

७। प्रस्ताव नं ७ माथि छलफल भै निम्न निर्णयहरु सर्वसम्मतरुपमा गरियो ।

७.१ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका लागि एक कार्यक्रम संचालन गर्न आवश्यक शिर्षकवाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

७.२ जिल्ला अस्पाताल भोजपुरवाट अस्पाताल संचालन तथा व्यवस्थापनका लागि सहयोग माग भै आएकोमा रु २५०००।- अक्षेरुपी पच्चिस हजार- सशर्त अनुदान शिर्षकवाट हुने गरि सो रकम सहयोग प्रदान गर्ने निर्णय गरियो ।

७.३ अपाङ्गता परिचय पत्र वितरणका लागि शिविर संचालन गर्ने निर्णय गरि शिविर संचालन तथा व्यवस्थापन लागि फोकल पर्सन गाँउपालिका उपाध्यक्षज्यू लाई तोक्ने निर्णय गरियो ।

प्रमाणिकरण गरिन्छ
२०७६।८।२०

२०७६।८।२०